# सिमकोट गाँउपालिका, हुम्ला


## स्थानीय राजपत्र

खण्ड: ६ | संख्या : १५ | मिति: २०७९/०३/१०

भाग - २


# सिमकोट गाँउपालिकाको लेखा समितिको कार्य संचालन नियमावली, २०७९

## सिमकोट गाँउपालिका, हुम्ला


कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०३/१०

राजपत्रमा प्रकाशन मिति : २०७९/०३/१०

समकोट गाउँपालिका लेखा समितिको कार्य संचालन नियमावली २०७६

समकोट गाँउपालिकाको शासन व्यवस्थालाई जनमुखी सेवामुखी जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभुति दिलाउने सन्दर्भमा स्थानीय संचालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ को व्यवस्था बमोजिम गाउँसभाबाट गठीत लेखा समितिको काम, कर्तव्य र दायित्वलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले लेखा समितिको कार्य संचालन नियमावली २०७६ लाई स्वीकृतिका लागि मिति २०७९।०३।१० गते सिमकोट गाउँपालिकाको बैठकमा प्रस्तुत गरी पास गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "सार्वजनिक लेखा समितिको कार्य संचालन नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली सिमकोट गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "स्थानीय सरकार" भन्नाले सिमकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सिमकोट गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले सिमकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ङ) "सरकार संचालन ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(च) "नियमावली" भन्नाले सार्वजनिक लेखा समिति कार्यसम्पादन नियमावली २०७६ लाई सम्झनु पर्दछ ।

(छ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिम सिमकोट गाउँसभालाई सम्झनु पर्दछ ।

CS CamScanner

(ज) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा ४ बमोजिम गठन भएको वडा समितिलाई सम्झनु पर्दछ ।

(झ) "अध्यक्ष" भन्नाले सिमकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) "उपाध्यक्ष" भन्नाले सिमकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "अधिकृत" भन्नाले सिमकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम गाउँ सभाबाट गठन भएको लेखा समितिलाई सम्झनु पर्दछ ।

(ड) "संयोजक" भन्नाले गाउँपालिकाको लेखा समितिको संयोजकलाई सम्झनु पर्छ।

(ढ) "सदस्य" भन्नाले गाउँपालिकाको लेखा समितिको सदस्यलाई सम्झनु पर्छ ।

(ण) "पदाधिकारी" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका अन्य सदस्यहरुलाई सम्झनु पर्दछ ।

(त) "वडा" भन्नाले गाउँपालिका अन्तर्गत ८ वडाहरुलाई सम्झनु पर्दछ ।

(थ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता किताब र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउने छ ।

(द) "मातहतका निकाय" भन्नाले स्थानीय सरकारको विषयगत शाखा, उपशाखा, वडा कार्यालय र इकाई समेतलाई जनाउने छ ।

(ध) "राजश्व" भन्नाले गाउँपालिकाको कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महशुल र सो बापतको जरिवानालाई जनाउने छ ।

(न) "वार्षिक बजेट" भन्नाले गाउँपालिकाको सामाजिकरण, सशर्त र राजश्व बाँडफाड अनुदान र आंगिक आपलाई सम्झनु पर्दछ ।

CS CamScanner

(प) "वार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शिर्षकहरु तथा अनुमानित बजेट सहितको निवारणलाई सम्झनु पर्दछ।

(फ) "बेरुजु" भन्नाले कार्यक्रम बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनु पर्दछ ।

(ब) "लेखा परीक्षण" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ छैन भनेर गरिने परिक्षणलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## समितिको गठन प्रकृया, कार्यक्षेत्र र पदरिक्त हुने अवस्था

३. लेखा समिति गठनः

(क) सिमकोट गाउँपालिकाको शासन व्यवस्थालाई जनमुखी, सेवामुखी जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउन प्रमुख उद्देश्यका साथ गाउँ सभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिने छ।

- गाउँ सभा सदस्यका रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये १ जना
- गाउँ सभा सदस्यहरु मध्ये २ जना

(ख) गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाको प्रमुखले लेखा समितिको सचिवालयको रुपमा गर्छ । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी सचिवालयको रुपमा काम गर्नेछ।

(ग) समितिको बैठकमा समितिका संयोजकले आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत विषयगत प्रमुख र शाखा प्रमुखहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(घ) समितिको पदावधि गठन भएको मितिले २ वर्ष ६ महिना हुनेछ तर सो समितिले सक्रियता पूर्वक काम गर्न सक्षम नभएको अवस्थामा पूनर्गठन गर्न सकिनेछ ।

CamScanner

४. <u>लेखा समितिको कार्यक्षेत्र:</u>

(क) सिमकोट गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरु मातहतका विषयगत शाखा र इकाई कार्यालयहरुको आर्थिक क्रियाकलाप यसको कार्यक्षेत्र हुनेछ।

(ख) आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदन।

## परिच्छेद ३

## लेखा सम्बन्धी व्यवस्था

५. <u>लेखा समिति सम्बन्धी व्यवस्था</u>

(क) स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ मा व्यवस्था भए बमोजिम गाउँ सभाबाट गठन गरिएको लेखा समिति गाउँ सभा प्रति उत्तरदायी हुनेछ ।

(ख) आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदन खर्चको चौमासिक फाँटबारी वा लेखा समितिले मागेको कुनै पनि विवरण वा कागजात गाउँ कार्यपालिकाको कार्यालयले समितिलाई उपलब्ध गराउन पर्नेछ ।

६. <u>लेखा समितिको काम, कर्तव्य र दायित्व</u>: सिमकोट गाउँ कार्यपालिकाको सार्वजनिक लेखा समितिको काम, कर्तव्य र दायित्व देहाय बमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाको कार्यालय मातहतका विषयगत शाखाहरु र वडा कार्यालयको आन्तरिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी गाउँ कार्यपालिका मातहतका विषयगत शाखा र वडा कार्यालयलाई सुझाव दिने,

(ख) गाउँ कार्यपालिकाको कार्यालय मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुको लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी गाउँ सभा समक्ष राय सुझाव पेश गर्ने,

(ग) गाउँ कार्यपालिकाको कार्यालय मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुले गर्ने खरिद मुल्यांकन बिक्रि जस्ता आर्थिक क्रियाकलापहरुका

CamScanner

सम्बन्धमा उजुरी परेमा सो सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान तथा छानविन गरी प्रतिवेदन तयार गरी आवश्यक कारवाहीका लागि गाउँ कार्यपालिका र गाउँ सभा समक्ष पेश गर्ने,

(घ) गाउँपालिका संचित कोषको हिनामिना भएको तथा अनियमितता भएको भन्ने उजुरी समितिमा प्राप्त भएमा सो सम्बन्धी आवश्यक अनुसन्धानको सिलसिलामा संचित कोषसँग सम्बन्धित पदाधिकारी वा व्यक्तिसँग समितिले सोधपुछ गर्न सक्नेछ,

(ङ) गाउँपालिकाको आन्तरिक लेखा परीक्षण र वार्षिक लेखा परीक्षणको प्रतिवेदनले औंलाएका विषय, बेरुजु आदिलाई नियमित गर्ने, बेरुजु फछ्यौंट गर्नुपर्ने सो गर्न गराउन सुझावहरु कार्यान्वयन गराउन कार्यपालिका र गाउँ सभामा पेश गर्ने,

(च) गाउँपालिकाको सार्वजनिक सम्पत्ति हिनामिना भए नभएको अध्ययन, अनुगमन र मुल्यांकन गरी प्रचलित ऐन नियम अनुरुप सम्बन्धित निकायलाई आवश्यक राय सुझाव सहित सिफारिस गर्ने,

(छ) गाउँ कार्यपालिकाले तयार गरेको गाउँ कार्यपालिका कार्यालयको चौमासिक प्रतिवेदनको समिक्षा गर्ने, आवश्यक सुझाव तथा निर्देशन दिने र गाउँ सरकारको सार्वजनिक प्रशासनलाई जवाफदेही, पारदर्शी र उत्तरदायी बनौन सहयोग गर्ने,

(ज) उल्लेखित विषयमा विशेषज्ञ सेवा लिनुपर्ने भएमा आवश्यकता अनुसार विशेषज्ञको सेवा लिने,

(झ) गाउँको वार्षिक बजेट निर्माणमा आवश्यक राय सुझाव दिनु समितिको कर्तव्य हुनेछ ।

CamScanner

परिच्छेद ४

## उजुरी तथा गुनासो सम्बन्धि व्यवस्था

७. उजुरी तथा गुनासो सम्बन्धि व्यवस्थाः

(क) गाउँपालिका कार्यपालिकाको कार्यालय तथा मातहतका निकायहरुको कामकारवाहीमा चित्त नबुझेमा वा कोषको हिनामिना तथा कानून बमोजिम बाहेक खर्च लेखिएको वा खर्चलाई प्रभावित गर्ने गरी कुनै निर्णय भएको छ भन्ने लागेमा लेखा समितिमा लिखित तथा मौखिक उजुरी जो कोहीले दर्ता गराउन सक्नेछ ।

(ख) समितिमा दर्ता हुन आएको उजुरी निवेदनलाई समितिको बैठकबाट समितिको क्षेत्राधिकार भित्र पर्ने नपर्ने एकिन गरिनेछ ।

(ग) समितिको क्षेत्राधिकार भित्र पर्ने उजुरी तथा गुनासो उपर मात्र समितिले अध्ययन अनुसन्धान तथा छानविन गर्ने प्रकृया अगाडी बढाउने छ ।

(घ) त्यस्तो उजुरी आफ्नो क्षेत्राधिकार भित्र नपरेमा उजुरी वा गुनासोकर्तालाई सोको जानकारी दिनुपर्नेछ ।

परिच्छेद ५

## बैठक सम्बन्धी व्यवस्था

८. समितिको बैठकः

(क) सार्वजनिक लेखा समितिको बैठक संयोजकले आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(ख) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ, निजको अनुपस्थितिमा समितिको ज्यष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

CS CamScanner

(ग) समितिका कुल सदस्यहरु मध्यबाट ५१ प्रतिशत सदस्यको उपस्थिति भएमा गणपुरक भएको मानिन्छ ।

९. <u>समितिको निर्णयः</u>

(क) समितिको बैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा संयोजकले निर्णयाक मत दिनेछ ।

(ख) समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित हुनेछ ।

## परिच्छेद ६

## <u>उपसमिति गठन तथा विषय विज्ञ सम्बन्धी व्यवस्था</u>

१०. <u>उपसमिति गठन</u> :

(क) संयोजकले उपयुक्त ठानेमा समितिले आन्तरिक काम कारवाही संचालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्यबाट उपसमिति गठन गर्न सक्नेछ ।

(ख) उपसमिति गठन गर्दा उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधी समेत किटान गरिनु पर्नेछ ।

(ग) तोकिएको समयभित्र प्रतिवेदन पेश गरेमा वा समयभित्र प्रतिवेदन पेश हुन नसकेमा म्याद थप नभएमा उपसमितिको स्वतः समाप्त हुनेछ ।

११. <u>विषय विज्ञलाई आमन्त्रण</u> :

(क) समितिमा कुनै विषयमाथि छलफल हुँदा सो विषयको प्रकृति हेरी सो विषयका सम्बन्धमा स्पष्ट जानकारी लिन वा दिन आवश्यक देखेमा सो विषयसंग सम्बन्धित विशेषज्ञलाई समिति वा उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

CS CamScanner

(ख) विषय विज्ञको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(ग) विषय विज्ञले बैठकमा विषय वस्तुको स्पष्टता, राय तथा सुझाव मात्र पेश गर्नेछ ।

## परिच्छेद ७

## प्रतिवेदन सम्बन्धी व्यवस्था

१२. समितिको प्रतिवेदनः

(क) उपसमितिले आफ्नो प्रतिवेदन समिति समक्ष र समितिले कार्यपालिका र गाउँ सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) सिमकोट गाउँपालिकाको गाउँ सभाको वर्ष अधिवेसनमा सम्मानित गाउँ सभा समक्ष लेखा समितिले संयोजक मार्फत आफ्नो वार्षिक प्रतिवेदन पेश गर्नेछ ।

(ग) लेखा समितिले चौमासिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

(घ) गाउँ कार्यपालिका मातहतका सबै अंगले आफ्नो मासिक प्रतिवेदन सचिवालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ८

## खर्चको श्रोत व्यवस्थापन

१३. समितिको खर्चको श्रोत व्यवस्थापनः

(क) उपसमितिले समिति तथा उपसमिति बैठक भत्ता, चिया खाजा खर्च तथा उजुरी सम्बन्धी अध्ययन अनुसन्धान गर्ने सिलसिलामा फिल्ड समेत जानु

CamScanner

परेमा र विषय विज्ञको पारिश्रमिक तथा अध्ययन अनुसन्धानको क्रममा आवश्यक पर्ने खर्च गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) आर्थिक ऐन तथा नियमको परिधी भित्र रही भए गरेका खर्चको भुक्तानीको व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

## परिच्छेद ९

## समितिको सचिवालय

१४. समितिको सचिवालय: समितिको सचिवालय गाउँ कार्यपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

१५. जनशक्तिको व्यवस्था: सचिवालयको नियमित कार्य सम्पादनको लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार कर्मचारीको व्यवस्था गर्नु पर्नेछ । तर समितिको कार्यक्षेत्र भित्रको शाखा, उपशाखा वा विभाग अन्तर्गतका कर्मचारीहरु सचिवालयमा रहने छैनन् ।

## परिच्छेद १०

## विविध

१६. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. बाधा अड्काउ फुकाउ: यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा, अड्चन आएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१८. संशोधन खारेजी: यो कार्यविधिको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

CamScanner